भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ३९औं बैठकका निर्णयहरु
मिति : २०८१/११/११

# नगर कार्यपालिकाको ३९ औं बैठकका प्रस्तावहरु

१) मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दुको आमन्त्रण स्वीकार गर्ने सम्वन्धमा ।

२) चरिकोट ढल आयोजना अन्तर्गत ट्रिटमेन्ट प्लान्ट रहेको क्षेत्रको बाँकी आयोजना क्षेत्रको वातावरणीय परिक्षण गर्ने सम्वन्धमा ।

३) प्रदेश समपुरक तथा विशेष अनुदान आयोजना छनौट सम्वन्धमा ।

४) **Dujiangyan city** मा स्थानीय सरकार बीच हुने द्विपक्षीय बैठक तथा **Conference** सम्बन्धमा

५) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्र. स. ११८ आधारभूत स्वास्थ्य केन्द्र भवन सम्बन्धमा

६) क्र. स. ११९ वडा न. ५ मथानीको शहरी स्वास्थ्य केन्द्र मर्मत सम्भार सम्वन्धमा ।

७) सार्वजनिक सम्पत्ति संरक्षण सम्वन्धमा ।

८) नगर प्रहरी दुर्गा प्रसाद चौलागाईंको घर बिदा स्वीकृत सम्वन्धमा ।

९) आयोजना/कार्यक्रम सम्झौताको म्याद सम्वन्धमा ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ३९औं बैठकका निर्णयहरु
मिति : २०८१/११/११

निर्णय नं. १ : मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दुमा April 14-18 सम्म हुने 2025 Chengdu International Friendship Cities Cooperation and Development Conference मा यस नगरपालिकाको तर्फबाट सहभागि हुन आमन्त्रण भई आएकोले सो आमन्त्रणलाई स्वीकार गर्ने र Conference मा सहभागिताका लागि तपसिल बमोजिम पदाधिकारी तथा कर्मचारीलाई पठाउने निर्णय गरियो । Conference मा सहभागिता हुन आवश्यक प्रक्रियाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निणय गरियो ।

तपसिल

श्री ईश्वरनारायण मानन्धर, नगर प्रमुख

श्री विशकसेन ढकाल, प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २ : भिमेश्वर नगरपालिका वडा नं. ३, ४ र ६ मा सन्चालनमा रहेको चरिकोट ढल आयोजना अन्तर्गत ट्रिटमेन्ट प्लान्ट रहेको क्षेत्र (रामकोट र देउरालीडाँडा) को बाँकी आयोजना क्षेत्रको आवश्यक वातावरणीय परिक्षण गर्न खानेपानी तथा ढल निकास ब्यबस्थापन बिभाग/आयोजना कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : बागमती प्रदेश सरकारद्वारा यस नगरपालिकालाई प्राप्त हुने समपुरक तथा विशेष अनुदानका लागि आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन गर्न तपसिल बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ :

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | घ्यावापानी - सेरा -निगाले बाघखोर सडक (घट्टे खोला - निगाले खण्ड) | भीनपा ९ | |
| २ | घुम्ती - लामागाउँ -वडा कार्यालय — यार्सा सडक | भीनपा ८ | |

विशेष अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन केन्द्र पूर्वाधार निर्माण | भीनपा ६ | |
| २ | जलवायु अनुकुलन कार्यक्रम | भीनपा | |
| ३. | उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम | भीनपा १ | |

विशकसेन ढकाल

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ३९औं बैठकका निर्णयहरु
मिति : २०८१/११/११

निर्णय न. ४ : भीमेश्वोर नगरपालिका र मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दु स्थित Dujiangyan city बीच Friendly Cooperation/Sister Relation स्थापना गर्न मन्त्रालयको स्विकृती लिई प्रकृया अन्तिम चरणमा पुगेको सन्दर्भमा April 14-18 सम्म Dujiangyan city मा नगर प्रमुखहरुको उपस्थितिमा दुई स्थानीय सरकार बीच हुने द्विपक्षीय बैठकमा भाग लिन र 2025 Chengdu International Friendship Cities Cooperation and Development Conference मा सहभागी हुन The Foreign Affairs Office of Chengdu Municipal People's Government, China बाट उक्त अवधिको Chengdu को खर्च व्यहोर्ने गरी आमन्त्रण भई आएकोले बैठक तथा Conference मा सहभागिका काठमाडौं-छेन्दु-काठमाडौंको हवाई यातायात टिकटमात्र बजेट क्र.स. ४३ र ५५ बाट खर्च व्यहोर्ने गरी तपसिल बमोजिम पदाधिकारी तथा कर्मचारीलाई पठाउने निर्णय गरियो ।

तपसिल

श्री कमला बस्नेत, नगर उपप्रमुख

श्री नबिन कुमार लामा, वडा अध्यक्ष वडा न. ६ तथा लेखा समिति संयोजक

ई. नारायण प्रसाद शिवाकोटी, सम्पर्क अधिकृत - भिमेश्वर नपा र दुजियाङयान भगिनी सम्वन्ध

निर्णय न. ५ : आ. व. ०८१/८२ मा यस नपामा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्र. स. ११८ आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण शीर्षकमा बिनियोजन भएको बजेटबाट भीमेश्वोर नगरपालिका वडा न. २ को शहरी स्वास्थ्य केन्द्र, राम्पमा भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय न. ६ : आ. व. ०८१/८२ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्र. स. ११९ वडा न. ५ मथानीको शहरी स्वास्थ्य केन्द्र मर्मत सम्भार शीर्षकमा बिनियोजन भएको बजेटबाट भीमेश्वोर नगरपालिका वडा न. ५ साउनेपानी मथानीको शहरी स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नारायण मा...
नगर प्रमुख

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ३९औं बैठकका निर्णयहरु

मिति : २०८१/११/११

निर्णय न. ७ : भिमेश्वर नगरपालिकाद्वारा निर्माण भएका तपसिलका सार्वजनिक सम्पत्ति संरक्षणका लागि शीर्षक नं. १९६ को सार्वजनिक पूर्वाधार संरक्षण कार्य (थामी संग्रहालय, चम्पुजा पार्क, भ्यू टावर .....आदि) बाट खर्च गर्ने गरी सम्वन्धित वडाका क्रियाशील संस्था मार्फत संरक्षण गर्ने निर्णय गरियो ।

तपसिल

क) थामी संग्रहालय, भीनपा १ (२०८१ मंसिरदेखि २०८२ असार मसान्तसम्म रु ८८, ०००/- ) - यापति सोनारी संरक्षण तथा सम्बर्द्धन समिति, भीनपा १

ख) चम्पुजा पार्क, भीनपा २ (२०८१ पौषदेखि २०८२ असार मसान्तसम्म रु ७७, ०००/- ) दोलखा भिमेश्वर गुठि ब्यबस्थापन समिति

ग) जेष्ठ नागरिक भवन, भीनपा ५ (२०८१ चैत्रदेखि २०८२ असार मसान्तसम्म रु ४४, ०००/- ) टोल सुधार समिति

घ) भ्युटावर टावर  भीनपा ६ (२०८१ फागुनदेखि २०८२ असार मसान्तसम्म रु ५५, ०००/- )  खोर्थली बन उपभोक्ता समुह

मर्मत तथा संरक्षणका लागि आवश्यक औजार कार्यालयबाट उपलव्ध गराउने ।

निर्णय नं. ८ : यस कार्यालयमा नगर प्रहरी पदमा कार्यरत श्री दुर्गा प्रसाद चौलागाईले संचित घर बिदाबाट कट्टा हुने गरी मिति २०८१/११/१२ गतेदेखि लागू हुनेगरी २०८२/०५/११ गतेसम्म घर बिदा स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : चालु आ. व. २०८१/८२ का केहि आयोजना तथा कार्यक्रमहरु सम्झौता गर्न बांकी देखिएकोले सम्पूर्ण आयोजना तथा कार्यक्रमहरु सम्झौता गर्ने म्याद मिति २०८१ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख